का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ११६
❐ ३ असार २०७७, बुधबार
❐ 17 June 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ६५९१ जना | ११५८ जना | १४३७३८ | ५५३१ | १९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ८१ लाख ५७ हजार | ४२ लाख ६१ हजार | ४ लाख ४० हजार | ३४ लाख ५६ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## काँग्रेसद्वारा ध्यानाकर्षण

नेपाली काँग्रेस जिल्ला कार्यसमिति काठमाडौंले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएको छ । जिल्ला कार्यसमितिका सभापति कृष्ण बानियाँ नेतृत्वको टोलीले मंगलबार बबरमहलस्थित जिल्ला प्रशासन कार्यालय गई प्रमुख जिल्ला अधिकारीलाई चारबुँदे माग राखी ज्ञापनपत्र बुझाएको हो ।

उक्त ज्ञापनपत्रमा विदेशबाट घर फर्कन चाहने नेपालीलाई यथाशीघ्र सरल र सुलभ व्यवस्था गरी फर्किने वातावरण बनाउनुपर्ने, शारीरिक अशक्तता भएका, एकल महिला र गर्भवतीका लागि राहतको कार्यक्रम ल्याउनुपर्ने, अविलम्ब क्वारेन्टिनको अवस्थामा सुधार गर्नुपर्ने, स्वास्थ्य सेवा एवं पिसिआर सेवा बढाउनुपर्ने र जोखिमको अग्रभागमा काम गर्दै आएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीका लागि सरकारले प्रतिव्यक्ति रु एक करोडको बीमा गर्नुपर्ने माग गरिएको छ ।

काठमाडौँमा कोरोना भाइरस रोकथामका लागि अझ प्रभावकारी काम गर्नुपर्ने, राहतलाई न्यायपूर्ण ढङ्गबाट बाँड्नुपर्ने, शैक्षिक संस्था, होटल व्यवसाय, औद्योगीक क्षेत्रलगायत सम्पूर्ण आर्थिक क्षेत्रको पुनरुत्थानका लागि विशेष कार्यक्रमका साथै कोरोना सङ्क्रमित र अन्य दीर्घरोगीका लागि स्वास्थ्योपचारको उचित व्यवस्था गर्न माग गरिएको छ ।

सभापति बानियाँद्वारा हस्ताक्षरित सो ज्ञापनपत्रमा रोगविरुद्ध सबै नेपाली एकजुट भई जनतालाई स्वस्थ राख्न तथा अरु आवश्यक सामग्रीसहितका सुविधा दिनुपर्नेमा सरकारको अदूरदर्शिताका कारण कोरोना सङ्क्रमण तीव्र रुपमा फैलिएको आरोप लगाइएको छ ।

## आइतबार खण्डग्रास सूर्यग्रहण

असार ७ गते आइतबार आषाढ कृष्ण औंसीका दिन खण्डग्रास (आधा सूर्य ढाक्ने) सूर्यग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । ग्रहणले बिहान १०:५० बजे स्पर्श गर्ने छ । मध्याह्न १२:३८ बजे मध्य र अपराह्न २:२३ बजे ग्रहणले मोक्ष प्राप्त गर्ने समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताए । तीन घण्टा ३३ मिनेटसम्म नेपालबाट ग्रहण देखिने उनले बताए ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् समेत रहने गौतमले बताए । असार ७ गतेको सूर्यग्रहण मृगशिरा र आर्द्रा नक्षत्र एवं मिथुन राशिका मानिसलाई अति कष्ट हुने समितिका सदस्य सचिव एवं सूर्य पञ्चाङ्गका पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले बताए ।

सूर्यग्रहणको फल राशि अनुसार फरक छ । मेष राशिकालाई श्रीप्राप्ति, वृष राशिलाई क्षति, मिथुनलाई घात, कर्कटलाई व्यय, सिंह राशिका मानिसलाई लाभ, कन्या राशिलाई सुख, तुला राशिलाई माननाश, वृश्चिक राशिलाई कष्ट, धनु राशिलाई स्त्रीपीडा, मकर राशिलाई सुख, कुम्भलाई चिन्ता बाँकी पृष्ठ २ मा

# अलमलमा सरकार निष्कृय समिति

**संक्रमित उच्च संख्यामा देखिएकै बेला लकडाउन खुकुलो भएको छ । असार १ देखि खुकुलो भएको लकडाउनले असाहय र निम्न आय भएका बाहेकले राम्ररी हिडडुल गर्ने अवसर बनेको छ । तर, यसको व्यवस्थापन गर्न बनेको उच्च स्तरीय समिति भने प्रधानमन्त्रीकै चाहनामा निष्कृय बनाइएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असार ।

गएको २४ घण्टामा ३८० जनामा कोभिड-१९ संक्रमणको पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी २४ घण्टामा ३८० जनामा संक्रमण पुष्टि भएको जनाएको छ । अघिल्लो दिनको तुलनामा यो झण्डै दुई सयले कमी हो । सोमबार एकै दिन ४५१ जनामा संक्रमण पुष्टि भएको थियो ।

मंगलबार थपिएको सँगै, नेपालमा ६ हजार ५९१ जना पुगेको छ । नेपालमा पहिलो संक्रमित माघ ९ गते देखिएको थियो । तर, वैशाख मसान्तसम्म २४३ जनामा मात्रै संक्रमण देखिएको थियो । जेठको थालनिसँगै नेपालमा संक्रमण दिनहु बढिरहेको छ । सोमबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमण देखिएको थियो ।



लकडाउनको शुरूवाती समयमा राजधानी उपत्यकामा सर्वसाधरणलाई नियन्त्रण लिन प्रहरीले नयाँ उपकरणको प्रयोग गरेको थियो । त्यसबेला संक्रमित सानो संख्यामा थियो । *तस्वीरः रोयटर्स*

मंगलबारसम्म एक हजार ११८ जना निको भएर घर फर्किएका छन् भने १९ जनाको मृत्यु भएको छ । मंगलबार संक्रमित देखिएका मध्ये सवैभन्दा बढी महोत्तरीका छन् । महोत्तरीमा ८९ जनामा एकै दिन संक्रमित पुष्टि भएको छ । दाङमा ५६, रौतहटमा ५२, कैलालीमा २३, बैतडीमा २१, डोटीमा २०, धुनषामा ९, बर्दियामा ९, दैलेखमामा ५, रुपेन्देही, स्याङ्जा र सुर्खेतमा ४/४ जना, नवलपुर, कास्की र सप्तरीमा ३-३, सुनसरी, सिराहा, पर्सा र तनहुँमा दुई-दुई तथा काठमाडौं, झापा, मोरङ, बाँके, पाँचथर, रोल्पा, बाग्लुङ, रामेछाप, सल्यान र अछामका एक/एक जनामा संक्रमण देखिएको छ । यति धेरै जिल्लामा एकै पटक भने यो पहिलो पटक देखिएको हो ।

मंगलबार साँझसम्म पीसीआर प्रणालीबाट एक लाख ४३ हजार ७३८ हजार र आरडीटीबाट दुई लाख २३ हजार ५१९ जनामा परीक्षण गरिएको छ । देशभरका एक लाख १७ हजार क्वारेन्टिन वेडमा अहिले पनि एक लाख ३३ हजार छन् । मन्त्रालयले पाँच हजार ५३१ जना आइसोलेसनमा राखिएका छन् ।

### समिति निष्कृय

गएको एक महिना देखि यसरी संक्रमित संख्या बढिरहेका बेला सरकारसँग भने प्रष्ट योजना देखिएको छैन । ८० दिन बढी लकडाउन गरेर सरकारले यस्तो बेला लकडाउन खुकुलो बनाएको छ, जुन बेला उच्च संख्यामा संक्रमित पुष्टि भइरहेको छ ।

यता, सरकारले भने उच्च स्तरीय राजनीतिक समिति निष्कृय बनाएर प्रधानमन्त्री कार्यालयका सचिव नेतृत्वको प्राविधिक समितिलाई सकृया बनाइएको छ । सरकारले कोरोना महामारी रोकथाम गर्न उपप्रधानमन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा कोरोना महामारी रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समिति गठन गरेको थियो । प्रधानमन्त्री केपी शर्मा ओली गएको फागुन २१ गते मिर्गौला प्रत्यारोपणका लागि अस्पताल भर्ना हुने भएकाले उपप्रधानमन्त्रीको संयोजकत्वमा समिति गठन गरिएको थियो ।

तर, यो समितिले प्रभावकारी काम गर्न नसकेको भन्दै प्रधानमन्त्री ओली नै असन्तुष्ट रहेको स्रोतको भनाइ छ । ती स्रोतका अनुसार, प्रधानमन्त्रीकै असन्तुष्टि पछि उक्त समिति निष्कृय बनेको छ । उपप्रधानमन्त्री समेत रहेको रक्षा मन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा फागुनमा १८ गते गृह मन्त्री रामबहादुर थापा, अर्थमन्त्री युवराज खतिवडा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, स्वास्थ्य मन्त्री भानुभक्त ढकाल, शिक्षामन्त्री गिरिराजमणि पोखरेल, पर्यटन मन्त्री योगेश भट्टराई, बाँकी पृष्ठ २ मा



ज्यान लिने क्वारेन्टिनः पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका–७ स्थित सिरूवानी विद्यालयको क्वारेन्टिन । उक्त क्वारेन्टिनमा सोमबार एक ४८ वर्षीय पुरूषको ज्यान गएको छ । तस्वीरः लक्ष्मी भण्डार, रासस

## सत्तारुढकै असन्तुष्टि

**काठमाडौं/मस-** राष्ट्रियसभामा विनियोजन विधेयक २०७७ माथिको छलफलमा भाग लिँदै सांसदहरुले बजेटमा राष्ट्रको आवश्यकता र प्राथमिकता स्पष्ट हुनुपर्नेमा जोड दिएका छन् । शिक्षा, स्वास्थ्य, संस्कृति र कृषि क्षेत्रमा सन्तुलितरुपमा बजेट विनियोजन हुन नसकेको उनीहरुले टिप्पणी गरेका छन् ।



बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य डा वेदूराम भुसालले कोभिड -१९ को महामारीको समयमा आएको मुलुकको बजेट समग्रमा सन्तुलित र मार्गनिर्देश दिने खालका विषय परे पनि संस्कृति रुपान्तरण गर्ने कार्यक्रम नरहेको बताए । भुसालले मन्दिरको मर्मत, सम्हार र संरचना निर्माणमा बजेट केन्द्रित भएको भन्दै आलोचना गरे । बजेटमा २०३ मन्दिर निर्माणमा बजेट विनियोजन गरेको पाइएको बताए ।

"आजको सरकारले मन्दिर बनाउने हो कि विद्यालय ? गम्भीर प्रश्न खडा भएको छ । धर्मप्रति मेरो सम्मान नै छ तर आजको प्राथमिकता के हो ?" भुसालले प्रश्न गरे । धर्म वैयक्तिक स्वतन्त्रताकमो विषय भएकाले विद्यालय निर्माण र शैक्षिक विकास आजको आवश्यकता भएको उनको भनाइ छ ।

नीति तथा कार्यक्रममा एक प्रदेशमा एक पर्यटन गन्तव्य बनाउने उल्लेख भएकोमा पर्यटन क्षेत्रको बजेट शीर्षक हेर्दा फलानो प्रदेशको फलानो पर्यटन गन्तव्य यो हो भनेर फेला पार्न नसकेको बताए । सिद्धान्त र व्यवहारमा फरक देखिएको र विगतमा गरिएका काममा समेत बजेट रोकिएको भूसालको भनाइ छ ।

नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक पुष्पलाल श्रेष्ठ र शहीद गङ्गालाल श्रेष्ठको जन्मस्थल रामेछापको भँगेरीमा बन्न लागेको स्मृति पार्क र बिपी कोइरालाको बाँकी पृष्ठ २ मा

### संख्या सयबारे मन्त्रिपरिषद्को निर्णय मन्त्रीलाई नै सम्झाइयो

## प्रधानमन्त्रीसँगको भेटमै खाँणद्वारा ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ जेठ

नेपाली काँग्रेसका प्रमुख सतेचक वालकृष्ण खाँणले सरकारले नै वैदेशिक रोजगारीमा जाने कामदारहरुको श्रम स्वकिृति रोकेको अवस्थामा वैदेशिक रोजगार व्यवसायीहरुलाई ईजाजतपत्र नवीकरण गर्न एक सय कामदार पठाएको अनिवार्य गर्न नहुनेमा प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानकर्षण गराएका छन् ।

मंगलबार प्रधानमन्त्री ओलीलाई पार्टीको ज्ञापनपत्र बुझाएपछि सचेतक खाँणले ऐन र नियामावलीमा उल्लेखित प्रत्येक आर्थिक वर्ष अनिवार्य रुपमा एक सय कामदार विदेश पठाउनुपर्ने बाध्यताले मुलुकका ७५ प्रतिशत वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीककारण गर्न समस्या उत्पन्न भएको भन्दै अप्ठेरो परिस्थितिमा व्यवसायीहरुको ईजाजतपत्र नवीरकणका लागि सहज व्यवस्था गर्न नेपाल सरकारको दायित्व रहेको प्रधानमन्त्रीलाई स्मरण गराएको मध्यान्ह राष्टिय दैनिकलाई बताए । जवाफमा प्रधानमन्त्री ओलीले व्यवसायीहरुलाई मर्का नपर्ने गरी उपयुक्त व्यवस्था गर्ने आश्वासन दिएको पनि खाँणले जानकारी दिए ।

यसक्रममा वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यता तत्काल हटाउन माग गर्दै आएका वैदेशिक रोजगार व्यवसायीहरुले समस्या समाधानका लागि राष्ट्रपति, प्रधानमन्त्री, संसद्मा विपक्षी दलका नेतासहित विभागीय मन्त्रीसमक्ष दवाब बढाएका छन् । कोरोना भाइरस संक्रमणका कारण गरिएको लकडाउन पछि गत चैत १६ गते बसेको मन्त्रिपरिषद् वैठकले वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरु खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो ।

वैदेशिक रोजगार विभागबाट ईजाजतपत्र नवीकरणको सूचना सार्वजनिक भएको तर ईजाजतपत्र नवीकरण गर्न समस्या पार्ने वैदेशिक रोजगार ऐनमा संशोधन नभएपछि तनावमा रहेका वैदेशिक रोजगार व्यवसायीहरु आ-आफ्ना पहुँचलाई प्रयोग गर्दै राष्ट्रपति कार्यालयदेखि विभागीय मन्त्रीको कार्यकक्षमा पुगेर मन्त्रिपरिषद्ले चैत १६ गते गरेको निर्णय अनुसारको ऐन संशोधन वा बाधा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## सरकारी कोषबाटै कामदारको उद्धार गर्न अदालतको आदेश

**काठमाडौं/मस–** कोरोना भाइरसका कारण रोजगारी गुमाई विदेशमा अप्ठेरोमा परेका नेपालीलाई सरकारी कोषको रकमबाटै उद्धार गर्न सर्वोच्च अदालतले आदेश दिएको छ । न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र हरिप्रसाद फुयालको संयुक्त इजलासले मंगलबार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपाली कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा श्रम स्वकिृति पाउनुअघि रकम जम्मा गरेर योगदान गरेको भन्दै सोही कोषबाट विपतमा परेका उनीहरुलाई उद्धार गर्नुपर्ने आदेश दिएको हो ।

अदालतले रोजगारदाताबाट हवाई टिकट नपाउने, बाध्यतावश करारको अवधि नपुगी फर्किनुपर्ने, गन्तव्य मुलुक वा आफ्नो खर्चमा स्वदेश फर्किन नसक्ने र कुटनीतिक नियोग वा श्रम सहचारीबाट उद्धार गर्नुपर्ने भनी सिफारिश भएका कामदारलाई कोषको रकमबाट स्वदेश फर्काउनु सरकारको दायित्व हुने उल्लेख गरेको छ । बाँकी पृष्ठ २ मा

## श्रमिक सूचना बैंक स्थापनाको घोषणा

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले श्रमिक सूचना बैंक स्थपना गर्ने घोषणा गरेका छन् । नेपाल सरकारको नीती तथा कार्यक्रम र आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेटमा उल्लेख भएको श्रमिक सूचना बैंक स्थापना गर्ने कार्य अगाडि बढेको मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

मन्त्री यादवले तत्कालिन सचिव विनोद केसीको संयोजकत्वमा गठन गरेको कार्यदलले श्रमिक बैंक स्थपना गरी कार्यान्वयन गर्नका लागि अध्ययन प्रतिवेदन गत महिना पेश गरेको थियो । प्रतिवेदनमा कृषि लगायत नेपालको औद्योगिक क्षेत्रमा बाँकी पृष्ठ २ मा

## भारतीय र चिनियाँ सेनाबीच झडप

**काठमाडौं/मस–** लद्दाखको विकट गलवान उपत्यकामा भारतीय र चिनियाँ सैनिक बीच झडप भएको छ । भारतीय सरकारी अधिकारीहरुले दुवै तर्फका सेनाको मृत्यु भएको जनाएको छ । अवस्था सामान्य बनाउन दुवै तर्फका बरिष्ठ सैन्य अधिकारीहरु लागी परेको समेत भारतीय अधिकारीहरुले दावी गरेका छन् ।

चीनले भने भारतलाई तनाब बढ्नेगरी एक पक्षीय रुपमा कुनै काम नगर्न आग्रह गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका छन् । बीबीसीले लेखेको समाचारअनुसार, भारतीय सेनाले सीमा उल्लङ्घन गरेर अगाडि बढेपछि झडप भएको हो । चीनले भारतले सीमा नियम पालना नगरेकाले झडप भएको दावी गरेको छ ।

भारतीय सञ्चार माध्यमहरुले भिडन्तमा एक बरिष्ठ सैन्य अधिकारी र दुई सैनिकको मृत्यु भएको छ । ती सञ्चार माध्यमहरुले सीमा भन्दा पछाडि हट्दा आफ्नै सैनिकको मृत्यु भएको जनाएका छन् ।

चिनियाँ विदेश मन्त्रालयले भने भारतीय सैनिकको गल्तीका कारण भिडन्त हुन पुगेको जनाएको छ । दुई पक्षका सीमा सुरक्षा बल बीच गम्भीर शारिरीक संघर्ष भएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ । भारतले आफ्ना तीन सैनिकको मृत्यु भएको जनाए पनि बेइजिङले भने आफ्नो पक्षमा मृत्यबारे केही पनि उल्लेख गरेको छैन । भारतीय पक्षले भने यो भिडन्तमा गोली नचलेको दावी गरेको छ ।

भारतीय सञ्चार माध्यमहरुले चिनियाँ सेनाले कुटीकुटी भारतीय सैनिकको हत्या गरेको उल्लेख गरेका छन् । बाँकी पृष्ठ २ मा

हाम्रा हरेक कदमहरू राष्ट्रिय स्वार्थबाट प्रेरित हुने संस्कृतिको विकास गरौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## राज्य व्यवस्था समितिमा नागरिकता विधेयकमाथि छलफल

# अझै जुटेन सहमति

**काठमाडौं/मस-** दुई वर्षअघि आएको नेपाल नागरिकता ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि लामो समयपछि संसदीय समितिमा छलफल पुनः शुरु भएको छ। २०७५ साल साउन २२ गते प्रतितिधिसभामा दर्ता भएको विधेयकमा सोही वर्ष भदौ ५ गतेबाट समितिमा छलफलको क्रममा रहेको छ।

राजनीतिक सहमति जुटाएर अगाडि बढ्ने भन्दै केही महिनाअघिबाट राज्य व्यवस्था समितिमा नागरिकता विधेयकमाथिको छलफल रोकिएको थियो। मंगलबारबाट छलफल पुनः शुरु भएको हो। समिति सभापति शशी श्रेष्ठले सहमति जुट्न नसकेका विषयहरु टुंगो लगाउने प्रयास स्वरुप मंगलबारबाट छलफल शुरु भएको हो। मंगलबार नै सभापतिले सहमति जुट्न बाँकी विषयहरु टुंगो लगाउने प्रयास गरेपनि सांसदहरुले अझै समय माग गरेका छन्।

तर नेपाली कांग्रेसका सांसद अमरेशकुमार सिंहले सभापतिले दावी गरेजस्तो पछिल्लो समय



आफुसँग कुनै छलफल नभएको बताए। सभापति श्रेष्ठले १२ दिनदेखि निरन्तर छलफल गरिरहेको बताएपनि आफुसँग कुनै कुरा नभएको उनले बताए। उनले ९ महिनासम्म कुनै छलफल नै नहुनुको कारण सभापति की सांसदहरु भनेर समेत प्रश्न गरे।

कांग्रेसकै अर्का सांसद दिलेन्द्र प्रसाद बडुले यति लामो समयसम्म रोकिने विषय छलफलका लागि एकदिन रोक्न किन नसकिने भन्दै प्रश्न गरे। सहमतिमा सबै विषय टुंग्याउनुपर्ने धारणा सबैको रहेको भन्दै उनले छलफलका लागि एक दिनको समय दिनुपर्ने बताए।

यसअघि विधेयकमाथिको छलफलमा भाग लिँदै सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीका सांसद पम्फा भूसालले समानताको कुरा राष्ट्रियता भन्दा ठूलो नहुने बताइन्। विवादको विषय बनेको वैवाहिक अंगीकृत नागरिकता कति समयपछि दिने भन्ने विषयमा धारणा राख्दै उनले सांसद सरिता गिरीको उदाहरण दिँदै भनिन्, 'सहजै ढंगले विदेशीलाई नागरिकता दिने कुरा अरु देशको कुरा उठाएर गर्न सकिँदैन। गर्न हुन्न नै। हामीलाई पछिल्लो परिघटनाले महिला उदार हुनुपर्छ भन्ने कुराको खण्डन गरेको छ। बुहारीप्रति उदार हुनुपर्छ भन्दा नहुने कुरा रहेछ। त्यो संख्या बहुमत भएको भए संविधान संशोधन के हुन्थ्यो होला ? हामीलाई झस्काएको छ।'

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले खुला सिमाना यथावत रहँदासम्म नागरिकताको विषयमा निर्णय गर्न नहुने बताए। निर्णय गर्दा आफ्नो खुट्टामा आफै बञ्चरो हानेजस्तो हुने उनले बताए। आमा र बुवा दुबै बंशज नहुदाँसम्म बंशजको नागरिकता दिन नहुने पनि उनले बताए।

गृह मन्त्रालयले विधेयकमा समावेश गर्न यसअघि नै नेपाली नागरिकसँग विवाह गरेकी महिलाले नेपालमा लगातार स्थायी बसोबास भएको ७ वर्षपछि मात्रै अंगीकृत नागरिकता पाउने प्रस्ताव पेश गरेको छ। त्यसका लागि विवाह दर्ता गरी स्थायी रुपमा बसोबास गरेको सम्बन्धित वडा कार्यालयको सिफारिस, आफुले विदेशी राष्ट्रियता जनाउने कुनै प्रमाणपत्र/नागरिकता नलिएको भए सोको प्रमाणपत्र र त्यस्तो प्रमाणपत्र/नागरिकता लिएको भए परित्या गर्ने कारवाही चलाएको प्रमाणसहित निवेदन दिनुपर्ने छ। अंगीकृत नागरिता नपाएसम्म आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपाली नागरिकता सरहको स्थायी आवासिय अनुमति पत्र दिन सकिने प्रस्ताव पनि मन्त्रालयले गरेको छ।

## सरकारलाई एनआरएनएको १३ बुँदे ध्यानाकर्षणपत्र

**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले सरकारलाई १३ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ। गैरआवासीय नेपाली संघका तर्फबाट अध्यक्ष कुमार पन्त र उपाध्यक्ष तथा वैदेशिक रोजगार तथा एनआरएनए कल्याणकारी विभागका प्रमुख डा बद्री केसीले सोमबार एक पत्रमार्फत सरकारलाई विदेशमा अलपत्र परेका श्रमिकको तत्काल उद्धारका लागि आग्रह गरेका छन्।

संघले उपप्रधानमन्त्री तथा अध्यक्ष कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक ईश्वर पोखरेल, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर यादव र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई लेखेको पत्रमा विदेशमा अलपत्र परेका नेपालीको उद्धार प्रक्रियालाई थप तीव्रता दिन आग्रह गरिएको छ। संघले विदेशमा अलपत्र परेका व्यक्तिको उद्धारका लागि सरकारको तर्फबाट चाल्नुपर्ने कदमका बारेमा बुँदागतरूपमा सुझाव दिएको छ।

संघले चार्टर उडान गर्ने व्यावहारिक र सहज व्यवस्था मिलाउन, कामदारहरु पनि विदेश फर्कने बाटो खोल्न, खर्चविहीन भएका विद्यार्थीलाई सरकारी खर्चमा तुरुन्त उद्धार गर्न, देशमा होल्डिङ सेन्टरको प्रबन्ध मिलाउन, सेल्टरमा कुरिरहेका मजदुरलाई नेपाल फर्कने स्वीकृति प्रदान गर्न, सयौंको संख्यामा रहेका शव तुरुन्त नेपाल झिकाई सांस्कृतिक परम्पराअनुसार दाहसंस्कार गर्नका लागि परिवारलाई हस्तान्तरण गर्न, अलपत्र परेका कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत सहयोग गर्न ठोस कदम चाल्न आग्रह गरेको छ।

## सेना हुँ भन्दै ठगी गर्ने गिरोह पक्राउ



**काठमाडौं/मस-** आफु सेना भएको बताउँदै ठगी गर्दै हिँड्ने एक गिरोहलाई काभ्रे प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा पाँचखाल नगरपालिका-४ का केवल राई सुनुवार, भिम महाजु, वडा नम्बर ५ का रामबहादुर तामाङ र तनहुँका अमर अधिकारी रहेका छन्।

सो समूहले धुलिखेलका थाक्लेमा होटल व्यवसायी चन्द्रकुमार लामासँग विष्णुदल गण धुलिखेलमा कार्यरत रहेको भन्दै २ लाख ५० हजार ठगेको प्रहरीले जनाएको छ। घटनाको मुख्य योजनाकार भिम महाजु रहेको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ।

महाजुले आफु बिष्णुदल गण धुलिखेलमा कार्यरत क्याप्टेन भएको र स्टोरमा रहेका सामग्री सस्तोमा दिने भन्दै होटल सञ्चालकसँग २ लाख ५० हजार लिएको प्रहरी अनुसन्धानमा खुलेको छ।

उनीहरुले विष्णुदल गण ब्यारेक धुलिखेलको रासन स्टोर विभागको नक्कली पत्र समेत देखाएको प्रहरीले जनाएको छ। पक्राउ परेको चारै जनालाई ठगी सम्बन्धी कसूर अन्तर्गत प्रहरीले कारवाही अघि बढाएको छ।

## गुल्मीको मालिकामा आँखा उपचार केन्द्र स्थापना हुने

सुमन महतारा/मध्यान्ह
गुल्मी, २ जेठ

गुल्मीको मालिका गाउँपालिका सिमलटारी बजारमा निकट भविश्यमै आँखा उपचार केन्द्र स्थापना तथा सञ्चालन गरिने भएको छ। सोमबार मालिका गाउँपालिका अध्यक्ष रित बहादुर थापाको अध्यक्षतामा बसेको बैठकले मालिका गाउँपालिका- ८, सिमलटारी बजारमा निकट समयमै आँखा उपचार केन्द्र स्थापना तथा सञ्चालन गर्ने निर्णय गरेको हो।




आँखा उपचार केन्द्र सञ्चालन तथा स्थापनाका लागि टिका बहादुर जिसीको अध्यक्षतामा ७ सदस्यीय सञ्चालक समिति गठन गरिएको छ। उक्त कार्यक्रममा नेपाल नेत्रज्योति संघ गुल्मीका सभापति शेर बहादुर थापा, उपसभापति अखिलेश्वर प्रसाद पाण्डे, सचिव राजेन्द्र प्रसाद श्रेष्ठ, कोषाध्यक्ष पदम प्रसाद पाण्डे तथा आँखा उपचार केन्द्र गुल्मीका प्रमुख सूर्य बहादुर बस्नेतको सहभागिता रहेको थियो।

निकट भविश्यमै त्यस स्थानमा आँखा उपचार केन्द्र स्थापना तथा सञ्चालन भएपश्चात जिल्लाका मालिका, इस्मा, मदाने, धुर्कोटलगायतका सर्वसाधरणहरुले सेवा पाउने नेपाल नेत्र ज्योति संघ आँखा उपचार केन्द्र गुल्मीका वीर बहादुर कार्कीले जानकारी दिए।

## विश्व शान्तिका लागि सद्भावना दूतमा कार्की

**काठमाडौं/मस-** उदयपुर गाईघाटका विश्व उल्टो मोटरसाईकल यात्री चित्रकुमार कार्कीलाई विश्व शान्तिका लागि सद्भावना दूत घोषणा गरिएको छ। सन २०११ मा 'विश्व शान्तिको कामना भ्रष्टाचार मुक्त राष्ट्र निर्माण पर्यटकलाई आकर्षित गरौं' भन्दै उल्टो मोटरसाईकल यात्रा गर्दै कार्कीले विश्व कीर्तिमान कायम गरेका थिए।

उल्टो मोटरसाईकल यात्री कार्कीलाई एसियन ट्यालेन्ट फ्रमले एक विज्ञप्ति जारी गर्दै आधिकारिक विश्व शान्ति दूत घोषणा गरेको जनाएको हो। कार्कीलाई उल्टो मोटरसाईकल चलाएर संसारलाई नै सकारात्मक



सन्देश दिन भ्रष्टाचारविरुद्ध रचनात्मक तरिकाबाट अभियान चलाएकोमा फाउन्डर डा. पथाभी राम तुर्लापतिले प्रशंसा गरेका छन्।

कार्कीलाई बेलायतस्थित अन्तर्राष्ट्रिय कार्यालयले आगामी २ वर्षको लागि विश्व शान्तिका लागि सद्भावना दूत मनोनयन गरेको जनाएको हो। कार्कीले यसै वर्ष बेलायतबाटै च्यम्पियन्स बुक अफ वर्ल्ड रेकर्डका लागि सद्भावना दूत र नेपाल संयोजक नियुक्त गरेको थियो।

कार्कीलाई बिभिन्न ४८ देशका प्रतिश्पर्धीमध्यबाट छनोट गरिएको बताइएको छ। पत्रकारिता र समाजिक सेवामा समेत सकृय कार्की विश्व कीर्तिमानीको छाता संगठन कीर्तिमानी युवा संघ नेपालका केन्द्रीय अध्यक्ष तथा वर्ल्ड रेकर्ड फाउन्डेसन नेपालका अध्यक्षसमेत रहेका छन्।

## गौरिशंकर सामुदायिक पुस्ताकलयले भाडामा बस्नेलाई दियो छुट

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, २ असार

गौरिशंकर सामुदायिक पुस्तकालय चरिकोटले आफ्नो भवनमा भाडामा बसेका पसल तथा होटलहरुलाई भाडा छुट दिएको छ। कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण सबै व्यापार ठप्प भएर व्यापारीहरु मारमा परेका कारण पुस्तकालयले आफ्नो भवनमा भाडामा बसेका पसल र होटलहरूको भाडा छुट गरेको हो।

पुस्तकालयका अध्यक्ष कृष्णबहादुर बस्नेतले कोरोना संक्रमणका कारण सरकारले लागू गरेको लकडाउनबाट पीडामा परेका व्यपारीहरुको अवस्थालाई मध्यनजर गर्दै डेढ महिनाको भाडा २ लाख ३ हजार ४ सय रुपैयाँ छुट दिएको जानकारी दिए।



पुस्तकालयले सामाजिक दुरी कायम गर्दै दोलाखा जिल्लाको प्रमुख जिल्ला अधिकारी भिमकान्त शर्मा पौडेल, गणपति निखिल कुँवर, प्रहरी नायव उपरीक्षक रेवति रमण पोखरेल, सशस्त्र प्रहरी नायव उपरीक्षक मोहन बस्नेत, गौरिशंकर सामुदायिक पुस्तकालयका सचिव नवराज न्यौपाने, कोषाध्यक्ष होम पाठक र सञ्चारकर्मीहरूको उपस्थितिमा राज्यको नीति अनुरुप डेढ महिनाको भाडा छुट गरेको हो। पुस्तकालयको कुशल नेतृत्वका कारण भाडामा बस्ने नागरिकले छुट पाएको व्यापारीहरुको भनाइ छ।

---

### अलमलमा..

कृषि मन्त्री घनश्याम भूसाल सदस्य रहेको समिति गठन भएको थियो।

यही समितिको निर्णयअनुसार, चैत ११ गते देखि लकडाउन जारी गरिएको थियो। यस प्रधानमन्त्री ओली पनि उपचारबाट फर्किएकाले चैत १६ गते बसेको मन्त्रिपरिषद बैठकले प्रधानमन्त्री कार्यालयका सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा रक्षा, गृह, स्वास्थ्य र आपूर्ति मन्त्रालयका प्रतिनिधि रहेको सीसीएमसी गठन भयो। तर, यही समिति मार्फत् ईश्वर पोखरेलले काम गर्न थाले र थुप्रै विवादास्पद निर्णय भयो।

यति सम्मकी प्रधानमन्त्री कार्यालयका सचिव एवम् उच्च स्तरीय समितिका प्रवक्ता नारायण बिडारीले ९ अर्ब ८७ करोड खर्च भएको जानकारी दिएपछि देशभर आन्दोलन नै भयो। यही आन्दोलनका कारण सरकार खर्च विवरण सार्वजनिक गर्न बाध्य भयो। सार्वजनिक गरिएको विवरणअनुसार, आठ अर्ब ११ लाख १९ हजार मात्रै खर्च देखियो।

यसपछि फेरि प्रधानमन्त्री ओलीले पोखरेल नेतृत्वको समिति निष्कृय बनाउँदै गएको हप्ता सीसीएमसीबाट काम गर्ने, सीसीएमसी सेनाको कार्यालय छाउनी नभएर सिंहदरबारबाट चल्ने र कृषि, पर्यटन, उर्जा र परराष्ट्र मन्त्री पनि थप्ने निर्णय भएको छ।

### सत्तारुढकै...

पुर्ख्यौली थलो सिन्धुलीको दुम्जामा बन्न लागेको स्मृति पार्कमा समेत बजेट नछुट्याइएको भन्दै आपत्ति जनाए। भुसालले भने, "त्यही नेताले यो मुलुकलाई यहाँसम्म ल्याएको हो, यस प्रकारको अपनामानलाई अत्य गर्नुपर्छ, राष्ट्रका निम्ति योगदान गर्ने नेताहरुको सम्मान विश्वभरी हुन्छ।"

नेकपाकै अगमप्रसाद वान्तवा राईले पूर्वको चिया र अलैंची खेतीको विकासमा विदेशी संस्थाको भर पर्नुपर्ने अवस्था रहेकाले सरकारको लगानी जरुरी रहेको बताए। पूर्वी नेपालमा उत्पादन गरेको चिया भारतले आफ्नो लेभल लगाएर विदेश निर्यात गर्दै आएकाले नेपालमा नै लेभल लगाएर निर्यात गर्नेतर्फ उहाँले सरकारको ध्यानाकर्षण गराए।

नेकपाका कोमल वलीले सीमा विवादमा नेपालले गरेको वार्ता प्रस्तावलाई भारतले टार्दै गरेको विषयमा सरकार गम्भीर हुनुपर्ने बताए।

बजेट सन्तुलित

नेकपाका प्रमुख सचेतक खिमलाल भट्टराईले बजेट विनियोजन गर्दा मन्त्रालयहरु सकेसम्म सन्तुलित भएको र क्रमशः सच्चिने क्रममा उन्मुख भएको बताए। बजेटले युवा र महिला सशक्तीकरणलाई ध्यान दिएको पनि बताए।

नेकपाका देवेन्द्र दाहालले विनियोजित बजेट धेरै हदसम्म सन्तुलित नै रहेको तर केन्द्रबाट छुट्याइएको बजेट नीति कार्यक्रमभन्दा बाहिर गएर परम्परागत रुपमा आएको बताए।

केही सांसद्ले सरकारको बजेट दलित, महिला, मधेशीलगायत उत्पीडित र दुर्गम क्षेत्रका समुदायलक्षित हुन नसकेको बताएका छन्।

छलफलमा समाजवादी पार्टीकी प्रमिलाकुमारीले बजेटले मधेशी समुदायलाई समेट्न नसकेको गुनासो गरे। राष्ट्रिय जनता पार्टीका मृगेन्द्रकुमार सिंह यादवले सरकारले प्रस्तुत गरेको बजेट विभेदकारी भएको टिप्पणी गरे।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) की शान्तिकुमारी अधिकारी जिसीले कोभिड-१९ मा खटिएका चिकित्सकका लागि बीमा रकम बढाउनुपर्ने र बजेट समान ढङ्गबाट वितरण गर्नुपर्नेमा जोड दिए। नेकपाकै दिलकुमारी (पार्वती) रावल थापाले शिक्षा क्षेत्रमा पर्याप्त बजेट भए पनि नीतिगत सुधार गर्नुपर्ने आवश्यकता औँल्याए। सोही पार्टीकी गंगाकुमारी वेल्वासेले कैलालीमा क्वारेन्टिनमा बसेकी महिलामाथि भएको सामूहिक बलात्कारका दोषीलाई कारवाही गर्नुपर्ने माग गरे।

नेकपाका रामनारायण विडारीले बजेटबारे सांसदका सुझावलाई समावेश गरेर बजेट संशोधन गर्नुपर्ने माग गरे। सशस्त्र प्रहरीलाई सीमा नाकामा व्यवस्थित ढङ्गबाट राख्नुपर्ने उनको भनाइ छ। नेकपाकै उदया शर्मा पौडेलले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि बजेट अपुग भएको बताए।

### आइतबार...

र मीनलाई व्यथाको फल हुने समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ। मेष, सिंह, कन्या र मकर राशिकाले मात्र सुरक्षित विधि अपनाएर ग्रहण हेर्नुहुन्छ। अरु आठ राशि भएका मानिसले भने सूर्यग्रहण हेर्नुहुँदैन भन्ने मान्यता छ। यस वर्ष नेपालबाट देखिने असार ७ गतेको सूर्यग्रहण मात्र रहेको समितिले जनाएको छ।

### संख्या ...

अड्काउ फुकाउने आदेश जारी गरेर ईजाजतपत्र नवीकरणको व्यवस्था कार्यान्वयन गर्न माग गरिरहेका छन्।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त बैठकले गठन गरेको 'संख्या सय समस्या समाधान समिति'ले सोमबार पनि यस विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवलाई ज्ञापनपत्र बुझाएको छ।

संयोजक हरिबहादुर पाण्डे क्षेत्रीले मन्त्री यादवले सकरात्मक सन्देश दिएको बताएका छन्। समस्या समाधानका लागि आफ्नो नेतृत्वको समितिले राष्ट्रपति, प्रधानमन्त्री, सत्तारुढ दलका विभिन्न नेताहरुलाई भेटेर समस्या समाधानका लागि दवाब दिएको बताए।

सोमबार पाण्डे नेतृत्वको समितिले नेकपा नेता वामदेव गौतमलाई पनि भेटेर समस्या समाधानका लागि आग्रह गरेको थियो। यसअघि संयोजक पाण्डेले आफ्नो नेतृत्वको समितिले पार्टीका शीर्ष नेताहरुसँग छलफल गरी निकास निकाल्ने अवस्थामा पुगेको र दुई/तीन दिनभित्र पत्रकार सम्मेलन गरी समस्या समाधानका लागि भएका उपलब्धि सार्वजनिक गर्ने दावी गरेका थिए।

यता व्यवसायीहरुको छाता संस्था नेपाल वेदेशिक रोजगार व्यवसायी संघ र प्रमुख प्रतिपक्ष नेपाली काँग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पनि नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवा, संसदीय दलका प्रमुख सचेतक वालकृष्ण खाँण, काँग्रेसले गठन गरेको छाया सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय हेर्ने सांसद् डा. डिला संग्रौलालाई ज्ञापनपत्र बुझाएका छन्।

काँग्रेसका प्रमुख सतेचक खाँणले आइतबार विज्ञप्ति जारी गर्दै ऐन र नियामावलीमा उल्लेखित प्रत्येक आर्थिक वर्ष अनिवार्य रुपमा एक सय कामदार विदेश पठाउनुपर्ने बाध्यताले मुलुकका ७५ प्रतिशत वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीकरण गर्न समस्या उत्पन्न भएको भन्दै व्यवसायीहरुको ईजाजतपत्र नवीरकणका लागि सहज व्यवस्था गर्न नेपाल सरकार लगायत सरोकारवाला निकायसँग माग गरेका थिए। सचेतक खाँणले उक्त विज्ञप्ति पार्टी सभापति देउवालाई हस्तान्तरण गरेका छन्।

व्यवसायीले भेटेर समस्या समाधानका लागि दवाब दिएपछि नेताहरुले तत्कालै टेलिफोन गरी श्रममन्त्री यादवलाई समस्या समाधान गरिदिन दवाब दिने गरेका छन्। चौतर्फी दवाब परेपछि मन्त्री यादवले यस विषयमा प्रधानमन्त्री ओलीसँग परामर्श गरेको तर मुलुकका अन्य ठूला एजेण्डामा अल्झिरहेका प्रधानमन्त्री ओलीले मन्त्री यादवलाई उपयुक्त जवाफ दिइनसकेको बताइएको छ।

प्रधानमन्त्री ओलीले गम्भीरताका साथ ध्यान दिए समस्याको समाधान तत्काल आउने कतिपयको बुझाइ छ। तर प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारहरु भने समस्या समाधानमा उत्साही नरहेको बताइन्छ।

### सरकारी....

सर्वोच्च अदालतले कोषको रकम खर्च गर्नुअघि एक कार्यविधि बनाउनसमेत आदेश दिएको छ। सार्वेच्च अदालतले कार्यविधि बनाउँदा सरोकारवाला पक्षसँग छलफल तथा उचित परामर्श गर्न समेत आदेशमा उल्लेख गरेको छ।

सरकारले गत जेठ १२ गते कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण स्वदेश फर्काउने सम्बन्धि आदेश २०७७ मा स्वदेश फर्किंदा लाग्ने खर्च कामदार आफैंले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ।

अधिवक्ता सोम लुइँटेललगायतका कानून व्यवसायीले आदेशको उक्त व्यवस्था वैदेशिक रोजगार ऐन २०६४ को वैदेशिक रोजगार नियमावली विपरीत रहेकाले खारेज हुनुपर्ने आदेश माग गर्दै रिट दायर गरेका थिए। त्यसैगरी सर्वोच्च अदालतले श्रम गन्तव्य मुलुकमा नेपालीलाई कोरोना संक्रमणबाट जोगाउने पहल गर्न पनि सरकारलाई आदेश दिएको छ।

### श्रमिक...

श्रम आर्जन गर्न सक्ने सीप भएका जनशक्तिहरु के-कति संख्यामा रहेका छन्, उनीहरुसँग के कस्तो ज्ञान, सीप, पुँजी र प्रविधि छ र उनीहरुलाई मुलुकको कुन क्षेत्रमा रोजगारी उपलब्ध गराउन सकिन्छ भन्ने सुझाव दिएका छन्। मन्त्री यादवले कार्यदलको सुझाव अनुसार श्रमिक सूचना बैंकको स्थपना गर्न लागेको बताए।

मन्त्री यादवले श्रमिकको जीवनयापनलाई सहज बनाउन तथा मुलुकको विकास र औद्योगिकरणको गतिलाई अघि बढाउन श्रमिक सूचना बैंक आवश्यक रहेको भन्दै मौजुदा श्रमिकको पर्याप्तता सुनिश्चित गर्न श्रमिक बैंकको स्थपनाले महत्वपूर्ण सहयोग गर्ने बताए।

मंगलबार मन्त्रालयको बैठक हलमा मन्त्री यादवको उपस्थितिमा विज्ञ टोलीले श्रमिक बैंकको कार्यान्वयनबारे प्रस्तुतिकरण गरेको सचिवालयले जनाएको छ।

यसैबीच वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा गएर फर्किएका कामदारहरुले वैदेशिक रोजगार बोर्डबाट क्षतिपूर्ति लिनका लागि अबदेखि आफ्नो सिफारिश नचाहिने स्पष्ट गरेको छ। विभागबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदार रोजगारीका क्रममा शारीरिक तथा मानसिक अशक्त वा अंगभंग तथा मृत्यु भई क्षतिपूर्तिको लागि यसअघि विभागको पनि सिफारिश आवश्यक पर्ने गर्दथ्यो।

विभागले असार १ गतेबाट विभागको सिफारिश नचाहिने सूचना सार्वजनिक गरेको छ। वैदेशिक रोजगार बोर्डले सिफारिश विना नै आर्थिक सहायता तथा बीमा भुक्तानीको सिफारिश गर्ने विभागले जनाएको छ।

### भारतीय...

केही समय यता गलवान क्षेत्रमा चिनियाँ सेना प्रवेश गरेकाले विवाद बढेको भारतीय दावी छ। चीनको ग्लोबल टाइम्स पत्रिकाका अनुसार, चिनियाँ विदेश मन्त्रालयले विद्यमान विवादलाई वार्ताको माध्यमबाट समाधान गरिने र त्यसका लागि दुवै देश तयार रहेको उल्लेख गरेको छ।

# पूर्व कप्तान थापासहित ६ जनाले पाए सफाइ



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २ असार

नेपाली राष्ट्रिय फुटबल टिमका तत्कालिन कप्तान सागर थापासहित ६ जनाले सर्वोच्च अदालतबाट सफाई पाएका छन् । म्याच फिक्सिङको आरोपमा राज्यविरुद्धको अपराधको मुद्दा खेपेका तत्कालिन कप्तान कप्तान थापासहित ६ जनालाई सर्वोच्च अदालतले मंगलबार सफाइ दिएको हो ।

सर्वोच्चका न्यायाधीसद्धय आनन्द मोहन भट्टराई र बम कुमार श्रेष्ठको संयुक्त इजलासले विशेष अदालतको यसअघि कै निर्णयलाई सदर गरेको हो । सर्वोच्चको फैसलासंगै सागरसहित सन्दीप राई, विकाससिंह क्षेत्री, रितेश थापा, प्रशिक्षक तथा पूर्व खेलाडी अन्जन केसी र फिजियोथेरापिस्ट डेजिव थापाले कानुनी रुपमा राजयबिरुद्धको अपराधको मुद्धामा अन्तिम सफाइ पाएका हुन् ।

अदालतले सफाई दिए पनि एसियाली फुटबल महासंघ एएफसीको अनुशासन समितिले भने म्याच फिक्सिङमा संलग्न सबैलाई २०७२ मंसिरबाट आजीवन प्रतिबन्ध लगाईसकेको छ ।

यसअघि विशेष अदालतले २०७५ जेठ २४ गते उक्त अभियोगमा निर्दोष रहेको ठहर गर्दै उनीहरुलाई सफाइ दिएको थियो । तर, सरकारी पक्षले उक्त फैसलाविरुद्ध २०७५ मंसिर २० गते पुनरावेदन गरेको थियो ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा 'म्याच फिक्सिङ' गरेको आरोपमा उनीहरुलाई २०७२ असोजमा प्रहरीले पक्राउ गरेको थियो। उनीहरुमाथि इराक, फिलिपिन्स, अफगानिस्तान, कुवेत लगायतका राष्ट्रमा भएका प्रतियोगितामा मिलेमतोमा खेल खेलेको आरोप लागेको थियो।

यी खेलाडीमाथि उमेर समूह, मैत्रीपूर्ण खेल तथा विश्वकप छनोट लगायतका १६ देखि २३ वटा अन्तर्राष्ट्रिय खेलमा मिलेमतो गरेको आरोप थियो। उनीहरुले खेल मिलेमतो गर्दा प्रति खेल ५ हजार अमेरिकी डलरसम्म लिने गरेको प्रहरीको दाबी थियो। तर अदालतमा यी कुरा पुष्टि हुन नसकेपछि सफाइ दिएको हो ।

खेल मिलेमतोमा संलग्न भएको आरोपमा अखिल नेपाल फुटबल संघले पाँचै जनालाई पाँच वर्षअघि फुटबलबाट प्रतिबन्ध लगाएको थियो । यस्तै एसियाली फुटबल महासंघले पनि उनीहरुमाथि प्रतिबन्ध लगाएको छ। खेलाडीले भने आफूहरु निर्दोश रहेको बताउँदै आएका थिए ।

## क्षतिपूर्तिका लागि अदालत जान्छौं

पूर्व कप्तान सागर थापाले क्षतिपूर्तिका लागि आफूहरु अदालत जाने बताएका छन् । २०७२ सालमा म्याच फिक्सिङ गरेको आरोप लगाएपछि तहस नहस भएको फुटबल करियरको क्षतिपुर्तिका लागि अदालत जाने बताएका हुन् । उनले त्यतिबेला आफूहरुलाई आरोप लगाउने तत्कालिन नेतृत्वलाई कारबाहीको माग र आफूहरुलाई क्षतिपुर्ति उपलव्ध गराउनु पर्नेमा जोड दिए । अब फुटबलको व्यवस्थापनको पाटोमा केन्द्रीत हुने योजना बनाएको बताएका थापाले सम्मानजनक विदाईको वातावरण मिलाईदिन एन्फासँग आग्रह पनि गरेका छन् । यसैगरी एफसीसबाट पनि आजीवन प्रतिबन्ध हटाउने विषयमा एन्फाले पहल गर्नुपर्ने उनको भनाई छ ।

# टासी घले एन्फाको मानार्थ अध्यक्ष !



टासी घलेलाई अखिल नेपाल फुटबल संघ एन्फाको मानार्थ अध्यक्ष बनाइएको छ । यसअघि एन्फाले कारबाही गर्दै मानार्थ अध्यक्ष पद नै खारेज गरेको थियो । तर, मंगलबार बसेको कार्यसमितिको बैठकले घलेलाई मानार्थ अध्यक्ष बनाउने निर्णय गरेको हो ।

वर्तमान कार्यसमिति आएसँगै कामकारवाही प्रति विरोध जनाएपछि उनलाई कारावाही स्वरुप एन्फाबाट हटाएको थियो । उनको मानार्थ पद पनि खारेज गरेको थियो । त्यसको विरोधमा उनले अदालतमा उजुरी दिएका थिए ।

अदालतले पनि उनलाई हटाउनुपर्ने कुनै कारण नभएको आदेश दिएको थियो । अदालतको आदेशको लामो समयसम्म पनि उनका विषयमा कुनै चाँसो नदिइएपछि राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई उनलाई फर्काउन निर्देशन दिएको हो ।

त्यसपछि एन्फाले टासीलाई फर्काउनका लागि आपतकालिन पदाधिकारीका बैठक बोलाएको थियो । सोमबार बोलाइएका सो बैठकमा बरिष्ठ उपाध्यक्ष अनुपस्थित भएपछि मंगलबार आपतकालिन कार्यसमितिको बैठक बोलाएको थियो । त्यसबाट टासीलाई एन्फामा फर्काउन गरेको प्रस्ताव पारित गरेको छ । घले शुक्रबार एन्फा जाने बताइएको छ । यस्तै, रमेश रायमाझीलाई लिग कमिटीको कार्यकारी कोर्डिनेटर बनाएर एन्फामा फर्काइएको छ । एन्फाभित्रको पछिल्ला गतिविधिलाई असन्तुष्ट पक्षले भने रुचाएको छैन ।

# उत्तर र दक्षिण कोरियाको सीमा क्षेत्रमा विस्फोट


YONHAP/AP

**सोल, एजेन्सी–** उत्तर र दक्षिण कोरियाको सीमा क्षेत्रमा विस्फोटको आवाज सुनिएको बताइएको छ । दुई कोरियाको सीमा क्षेत्रमा रहेको केसङ क्षेत्रको औद्योगिक पार्कमा यस्तो विस्फोटको आवाज आएको सुनिएको दक्षिण कोरियाली सरकारले जनाएको छ ।

उत्तर कोरियाली दक्षिण कोरियासँगैको सीमाक्षेत्रमा रहेको आफ्नो अन्तर-कोरियाली सम्पर्क कार्यालयको भवन ध्वस्त पारेको छ। दुबै कोरियाबीच पछिल्लो समय बढ्दै गएको तनाबकै बीच उत्तर कोरियाले यस्तो कदम चालेको अनुमान गरिएको छ । दक्षिण कोरियाको एकीकरण मन्त्रालयले उत्तर कोरियाको सीमावर्ती शहर काइसोङमा रहेको सम्पर्क कार्यालय भवन अपराह्न २.४९ मिनेटमा ध्वस्त बनाइएको जनाएको छ । यस बारेमा मन्त्रालयले कुनै थप विवरण दिएको छैन। योनहाप न्यूज एजेन्सीले सम्प्रेषण गरेका तस्वीर हरुमा अन्तर-कोरियाली सम्पर्क कार्यालय रहेका स्थानहरुबाट धुँवाको मुस्लो उडेको देखिएको छ। एजेन्सीका अनुसार हाल बन्द रहेको औद्योगिक क्षेत्रमा अन्तर-कोरिया सम्पर्क कार्यालय रहेका थिए ।

उत्तर कोरियाले उक्त सम्पर्क कार्यालय भत्काउने यसअघि नै धम्की दिँदै आएको थियो । खासगरी सीमावर्ती क्षेत्रबाट दक्षिण कोरियाली अधिकारवादी समूह तथा व्यक्तिहरुले उत्तर कोरियाली नेताविरुद्ध पर्चाहरु बेलुनमार्फत उडाएको र त्यसलाई रोक्न दक्षिणले पर्याप्त काम नगरेको उत्तर कोरियाली आरोप लगाउँदै आएको थियो ।

केही विज्ञहरुले भने अमेरिकी अग्रसरतामा उत्तर कोरियाविरुद्ध लगाइएका प्रतिबन्धहरुका कारण संयुक्त आर्थिक परियोजनाहरु पुनः शुरु गराउन दक्षिण कोरिया असफल भएकाले त्यसैको रिस फेर्न संयुक्त कार्यालय ध्वस्त बनाइएको बताएका छन् ।

शनिबार राति उत्तर कोरियाली नेताकी बहिनी किम यो जोङले उपयोगिताविहीन अन्तर-कोरियाली सम्पर्क कार्यालय ध्वस्त पारिदिने चेतावनी दिएका थिए। सन् २०१८ मा दुबै कोरियाबीच सहमतिका अनुसार काइसोङमा पहिलो सम्पर्क कार्यालय स्थापना गरिएको थियो । यस कार्यालयले दुबै मुलुकबीचको संचार सम्पर्कलाई सहज र सुदृढ बनाउने लक्ष्य राखिएको थियो । यो कार्यालय स्थापना हुँदाताका दुबै कोरियाबीचको सम्बन्ध निकै प्रगाढ भएको थियो। उत्तर कोरिया आणविक निःशस्त्रीकरण वार्तामा पनि बसेको थियो ।

अघिल्लो मङ्गलबार उत्तर कोरियाली सेनाले अन्तर-कोरियाली शान्ति सम्झौता बमोजिम तोकिएको असैनिक क्षेत्रमा पुनः प्रवेश गर्ने चेतावनी दिएको थियो। उत्तर कोरियाली नेता किम जङ अन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच सन् २०१९ को शुरुमा भियतनाममा भएको दोस्रो द्विपक्षीय वार्ता विना निष्कर्ष समाप्त भएसँगै दुबै देशबीचको सम्बन्ध सोचेजति सकारात्मक हुन सकेको छैन ।

# भारतमा संक्रमित तीन लाख ४३ हजार नाघे

**नयाँदिल्ली, एजेन्सी-** भारतमा एक दिनमा १० हजार ६६७ जना कोरोना भाइरस संक्रमित भएका छन् । यद्यपि शनिबार र आइतबारको तुलनामा भारतमा संक्रमितको संख्यामा केही कमि आएको पाइएको छ । शनिबार एक दिनमा ११ हजार ९२९ जनामा कोरोनमा भाइरस संक्रमण देखिएको थियो भने आइतबार ११ हजार ५०० जनामा संक्रमण देखिएको थियो । सोमबार १० हजार ६६७ जनामा कोरोना भाइरस संक्रमण पाइएको छ ।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार मङ्गलबार बिहानसम्ममा एकैदिनमा १० हजार ६६७ जना संक्रमित भएका छन् ।

त्यसैगरी पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण भारतमा ३८० जनाको मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ। मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या ९ हजार ९०० पुगेको छ ।

# अमेरिकामा ज्यान जाने क्रम घट्दो

**वासिङटन, एजेन्सी-** संयुक्त राज्य अमेरिकामा गएको २४ घन्टायता कोरोना भाइरसको प्रकोपका कारण ४०० भन्दा कम नागरिकको मत्यु भएको पाइएको छ । अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयको तथ्यांकअनुसार अमेरिकामा गएको २४ घन्टा यता कोरोना भाइरसका कारण भएका मृत्युमध्ये ४०० भन्दा कमको ज्यान गएको हो ।

उक्त विश्वविद्यालयले ४०० भन्दा कमको निधन भएको अमेरिकामा यो दोस्रो दिन हो भनेको छ । यसरी हेर्दा अमेरिकामा एकै दिनमा हुने मृत्युमा कमी आएको देखिएको छ ।आइतबार यहाँ ३८५ जना कोरोना संक्रमितको ज्यान गएको छ । त्यस्तै सोमबार यो भाइरसबाट ३८२ जनाको ज्यान गएको सो विश्वविद्यालयको तथ्याङमा देखिएको छ । मार्च महिनाको अन्त्यतिरबाट शुरु भएको यहाँको महामारीमा दैनिक रुपमा निकै धरै मानिसको ज्यान जाने गरेको थियो ।

उक्त संख्यामा आइतबार र सोमबार निकै ठूलो मात्रामा कटौती आएको देखिएको अधिकारीहरुले जनाएका छन् । अमेरिकी अधिकारीहरुले यस हप्ताको अन्त्यतिर योभन्दा पनि कम संख्यामा कोरोना प्रभावितको ज्यान जान सक्ने अनुमान पनि गरेका बताइएको छ।

अमेरिकामा संक्रमित हुनेको संख्या भने बढ्दो मात्रामा रहेको देखिएको छ। यहाँ मंगलबारसम्म १ लाख १६ हजार नागरिकको ज्यान गएको छ ।

त्यस्तै यहाँ २० लाख भन्दा पनि बढी व्यक्ति कोरोना भाइरसका संक्रमित भएका छन् । यहाँ अहिले पनि दिनमा करिब २० हजार जना संक्रमित थपिने गरेका पाइएको छ।

# अमेरिकामा कोभिड-१९ को उपचारमा औलोको औषधिमाथि प्रतिबन्ध

**वासिङ्टन, एजेन्सी-**अमेरिकी नियामक निकायहरुले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाभाइरस (कोविड-१९) को उपचारमा औलोको औषधिको प्रयोगमाथि प्रतिबन्ध लगाएका छन् ।

बिना वैज्ञानिक तथ्य र प्रमाणकै आधारमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोविड-१९ को उपचारका लागि औलोको उपचारमा प्रयोग हुने हाइड्रोक्सिक्लोरोक्वीन औषधि प्रयोग गर्न सुझाव दिँदै आएका थिए । राष्ट्रपतिको उक्त विवादित सल्लाहलाई चिकित्सा विज्ञानका क्षेत्रमा क्रियाशिल वैज्ञानिक समुदायले हास्यास्पद भन्दै यो औषधि प्रयोगमा सावधानी अपनाउन आग्रह गरिरहेका थिए ।

स्वयं अमेरिकी वैज्ञानिकहरु पनि राष्ट्रपति ट्रम्पको सल्लाहमाथि विश्वस्त हुन सकेका थिएनन् । अमेरिकाको शक्तिशाली नियामक निकाय अमेरिकी फूड एन्ड ड्रग एडमिनिस्ट्रेसन (एफडीए) ले कोरोनाभाइरसको उपचारमा हाइड्रोक्सिक्लोरोक्वीन र क्लोरोक्वीन प्रभावकारी नदेखिएको जनाएको छ। यी औषधिको सेवन गर्दा मानिसको मुटुमा समस्या देखिएको प्रतिवेदन प्राप्त भएको भन्दै एफडीएले कोरोना संक्रमित व्यक्तिलाई यी औषधिले केही राहत दिएपनि स्वास्थ्य जोखिम लिन नसकिने स्पष्ट गरेको छ ।

एफडीएले कोरोनाको उपचारमा प्रयोग भइरहेको अर्को औषधि रेमडेसिभरसँग हाइड्रोक्सिक्लोरोक्वीन वा क्लोरोक्वीन मिसाएर बिरामीलाई नदिन पनि चिकित्सकहरुलाई चेतावनी दिएको छ । एफडीएले औलोको औषधिले रेमडेसिभरको प्रभावकारितामा पनि कमी ल्याउने बताएको छ ।

हाइड्रोक्सि क्लोरोक्वीन र क्लोरोक्वीन औषधि सामान्यतया आर्थराइटिसका बिरामीको उपचारमा प्रयोग हुने गर्दछ । तर यी औषधिका केही खतरनाक नकारात्मक असरहरु पनि हुने गर्दछ । यस औषधिको सेवनबाट मुटुमा समस्या देखिनुका साथै रक्तचात निकै घट्ने तथा मांसपेशी वा स्नायू प्रणालीमा क्षति पुग्दछ । एफडीएले यी औषधिका ३९० जना प्रयोगकर्ताहरुबाट स्वास्थ्य जटिलता उत्पन्न भएको गुनासो प्राप्त भएको जनाएको छ । यीमध्ये पनि १०० जनाभन्दा बढीमा मुटुको गम्भीर समस्या उत्पन्न भएको थियो ।

कोरोना भाइरसको उपचारमा प्रयोग गर्नेगरी अमेरिकी संघीय निकायहरुमा रहेको ठूलो परिमाणको औलोको औषधि अब राज्य र स्थानीय तहमा वितरण गरिने छैन। क्लिभल्यान्ड क्लिनिकका अनुसन्धाता डा स्टिभन निस्सेनले एफडीएको पछिल्लो निर्णय स्वागतयोग्य रहेको प्रतिक्रिया दिए । उनले हाइड्रोक्सिक्लोरोक्वीनको औषधिको प्रामाणिकतामा कुनै विश्वासिलो आधार पहिल्यैदेखि नदेखिएको र यसले शरीरमा नकारात्मक असर पार्ने भएकाले यो औषधिको जथाभावी सेवन गर्न नहुनेमा जोड दिए ।

बिहीबार अमेरिकी राष्ट्रिय स्वास्थ्य इन्स्टिच्यूट (एनआइएच) को एक विज्ञ समूहले पनि अध्ययन प्रयोजन बाहेक आमरुपमा यो औषधि सेवनमा प्रतिबन्ध लगाउन सिफारिस गरेको थियो ।

एफडीए र एनआइएच दुबैले कोरोनाभाइरसको उपचारमा यी औषधिको प्रयोग नगर्न स्पष्ट सन्देश दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा कोरोनाभाइरस फैलिन शुरु भएलगत्तै हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोग गर्न सकिने भन्दै व्यापक वकालत गरेका थिए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/१२/०३ गते अन्दाजी राती १२:०० बजे त्रिशुली बजार सिलटंकी, नुवाकोटबाट प्रदेश नं. ३-०२-००७ प १९३४ नम्बरको कालो र निलो १५० CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु हुन अनुरोध गर्दछु।

**सवारी धनी** : विनोद रिमाल
**ठेगाना** : तारुका-८, नुवाकोट
**च्यासिस नं**: MD2A11CY6KPA-09818
**इन्जीन नं** : DHYRKA94398
**सम्पर्क** : ९८४१०९२८८५



**फाल्गुनन्द गाउँपालिका कार्यालय पाँचथरको**

**स्यानिटरी प्याड खरिद सम्बन्धि सिलबन्दि दरभाउ पत्र आह्वानको सूचना**

**प्रकाशित मिति: २०७७/०३/०३**
**ठेक्का नं. PRM/SQ/GOODS-19/2076/077**

यस फाल्गुनन्द गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका छात्राहरुलाई चालु आ.व.२०७६/७७ का लागि आवश्यक पर्ने स्यानिटरी प्याड सिलबन्दि दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म (मिति २०७७।०३।१७ गते) फाल्गुनन्द गाउँपालिकाको कार्यालय समय भित्र स्यानिटरी प्याडको दरभाउ पत्र यस कार्यालयबाट फाराम खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. दरभाउ पत्र खरिद गर्न आधिकारिक निबेदनका साथः अनिवार्य निम्न कागजातहरु संलग्न गर्नु पर्ने छ । (क) औषधि व्यवस्था विभाग वा वाणिज्य विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (ग) आ.ब.२०७५/७६ सम्म कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (घ) प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा नीजको आधिकारिक मञ्जुरीनामा र (ङ) फर्म वा ब्यवशाय दर्ता प्रमाण पत्रको प्रतिलिपि (च) यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (रु.एक हजार) फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर ।

२. रित पूर्वक खरिद भएका दरभाउ पत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजेसम्म दर्ता गरी सक्नु पर्ने र सो सिलवन्दी दरभाउ पत्र मिति २०७७।०३।१८ गते को १:०० बजे यस कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता वा नीजको प्रतिनिधि नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३. रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउ पत्र उपर कुनै कार्यबाही गरिने छैन ।

४. दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलि पल्ट सोही समयमा हुने छ ।

५. दरभाउ पत्र दाताले फाल्गुनन्द गाउँपालिकाको कार्यालय पाँचथरको नेपाल इन्भेस्मेन्ट बै.लि. राँके स्थित धरौटी खाता नं ०६९०१४००२५००२३ मा धरौटी रकम रु. ३५५००।०० रुपैया (अक्षरेपि पैंतिस हजार पाँच सय मात्र) जम्मा गरेको भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

६. दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुने छ ।

७. दरभाउ पत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा अनिबार्य उल्लेख गर्नु पर्ने छ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइने छ ।

८. पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. खरिद गरिने स्यानिटरी प्याडको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा म्याद हुनेको हकमा ७५% बाँकी रहेको हुनु पर्ने छ ।

१०. दरभाउ पत्रदाताले आफूले दिन चाहेको स्यानिटरी प्याडको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नु पर्ने छ ।

११. सिलबन्दि दरभाउ पत्र स्वीकृत भए पछि सम्झौता गर्न आउँदा हुन आउने रकम यस कार्यालय राँके नेपाल इन्भेस्मेन्ट बै.लि. स्थित खाता नं ०६९०१४००२५००२३ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का शर्त रहेको कुनै मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफर्मेन्स ग्यारेन्टि) पेश गर्नु पर्ने छ ।

१२. दरभाउ पत्रमा उल्लेखित स्यानिटरी प्याडको परिमाण कार्यालयले आवश्यकतानुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिबर्तन गर्न पाउने छैन ।

१३. दरभाउ पत्र दाखिला गर्दा दरभाउ पत्र साथ आफूले सप्लाई गर्ने प्रत्येक स्यानिटरी प्याडको नमुना सिलबन्दि गरी छुट्टै अनिवार्य पेश गर्नुपर्ने छ ।

१४. दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नु पर्ने छ र सोही फारमको प्रत्येक पानामा दरभाउ पत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नु पर्दछ ।

१५. एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउ पत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा नीजले पेश गरेको दरभाउ पत्र अमान्य हुने छ ।

१६. आफूले सप्लाई गर्ने प्रत्येक स्यानिटरी प्याड औषधि व्यवस्था विभागमा वा वाणिज्य विभागमा दर्ता भएको हुनु पर्नेछ ।

१७. दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ ।

१८. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुने छ । अन्य आवश्यक कुराहरु वुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

१९. स्यानिटरी प्याडको लागत अनुमान अंक मु.अ.कर सहित रु.१४०८०००।०० (अक्षरेपि चौध लाख आठ हजार मात्र) रहेको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**फाल्गुनन्द गाउँपालिकाको कार्यालय, पाँचथर**

### कर सम्बन्धी सरकारको भ्याकेट खारेज

# सर्वोच्चको पहिलेकै आदेशमा निरन्तरता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असार

मंगलबार सर्वोच्च अदालतले कर चुक्तासम्बन्धी यसअघिको अन्तरिम आदेशलाई नै निरन्तरता दिएको छ । सरकारले अन्तरिम आदेश खारेज गर्न माग गर्दै भ्याकेट हालेपनि सर्वोच्च अदालतले अस्विकार गर्दै अन्तरिम आदेश कायम रहने अर्को आदेश जारी गरेको हो ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र न्यायाधीश प्रकाश कुमार ढुंगानाको सोमबारको इजलाशको आदेश मंगलबार प्रकाशन गर्दै सर्वोच्चले यसअघिकै अन्तरिम आदेशलाई निरन्तरता दिने आदेश सुनाएको हो । सोमबार सुनुवाई सकिएपनि समय नपुगेको भन्दै आज मात्रै आदेश प्रकाशन भएको छ ।

सोमबारको इजलाश सकिएपछि सर्वोच्च अदालतको वेवसाइट र प्रवक्ता भद्रकाली पोखरेलले समेत कानून बमोजिम गर्नु भन्ने मात्रै आएको र थप आदेश मंगलबार आउने बताएका थिए ।



मंगलबार आदेश प्रकासन गर्दै सर्वोच्चले भनेको छ, 'अन्तरिम आदेश खारेज गर्नुपर्ने कुनै पनि न्यायिक आधार, कारण तथा परिवर्तित परिस्थितिहरू उल्लेख भएको नदेखिँदा यस अदालतबाट २८ जेठ २०७७ मा जारी भएको अन्तरिम आदेश खारेज गर्नुपर्ने देखिएन । कानुन बोमोजिम गर्नू ।'

यसअघि चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्मको आयकर र वैशाख मसान्तसम्मको अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा दूरसञ्चार सेवा शुल्क दाखिला गर्न आन्तरिक राजस्व विभागले जेठ २० गते सूचना प्रकाशित गरेको थियो ।

जुन सूचना कानूनसम्मत नभएको भन्दै अधिवक्ताद्वय थानेश्वर काफ्ले र सुर्जना अधिकारीले सर्वोच्चमा रिट दायर गरेका थिए । जुन रिटमाथि गत जेठ २८ गते न्यायाधिश द्वय अनिलकुमार सिन्हा र मनोजकुमार सिन्हाको संयुक्त इजलाशमा सुनुवाई गर्दै तत्काल कर चुक्ता गर्न सरकारे जारी गरेको सूचना कार्यान्वयन नगर्न भनिएको थियो । अन्तरिम आदेशमार्फत लकडाउन खुलेको ३० दिनभित्र (बाटोको म्यादबाहेक) कर तिर्ने व्यवस्था मिलाउन अन्तरिम आदेशमा भनिएको थियो ।

सरकारले दैनिक काम सञ्चालनमा समेत समस्या पर्नेभन्दै अन्तरिम आदेश खारेज गर्न माग गर्दै भ्याकेट दर्ता गरेपनि सर्वोच्चले अस्विकार गरेको हो । तर करसम्बन्धी विवादको लिखित जवाफ पेश भएपछि अग्राधिकार दिन समेत आदेशमा भनिएको छ ।

## निगमको दुबई र दोहा उडान स्थगित

**काठमाडौं/मस**–नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को पूर्वनिर्धारित तालिका अनुसार मंगलबारहुने भनिएको दुबई र दोहा गन्तव्यको चार्टर्ड उडान स्थगित भएको छ । निगमले दुबै उडान रद्दबारे मंगलबारबिहान विमानस्थललाई अवगत गराएको थियो । निगमको सोमबार मलेसिया र माल्दिभ्सको उडान पनि स्थगित भएको थियो । निगमको वाइड बडी जहाजले जुन १४ तारिखमा बङ्गलादेशको ढाकाबाट उद्धार उडान गरी २५८ नेपाली ल्याएको थियो । निगमले जुन १४ देखि २५ सम्म चार्टर्ड उडानको कार्यतालिका सार्वजनिक गरिसकेको छ ।



नेपाल एयरलाइन्सले जुन १७ तारिखमा अष्ट्रेलियाको सिड्नीमा हुने भनिएको उद्धार उडान पनि सरेको छ । आगामी जुन २३ मा पहिलो र जुन २६ मा दोस्रो उडान हुने जनाइएको छ । प्राविधिक कारण उद्धार उडान सार्नुपरेको निगमले उल्लेख गरेको छ । निगमका प्रवक्ता अर्चना खड्काले संस्कृति, पर्यटन मन्त्रालयबाट उद्धार चार्टर्ड उडानको तालिका परिमार्जित भएर आएकाले पूर्वनिर्धारित तालिकामा उडान नभएको जानकारी दिए ।

मन्त्रालयले नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लाई २४ र हिमालय एयरलाइन्सलाई १९ उडान गर्ने गरी अनुमति दिएको थियो । त्यस्तै २४ वटासम्म विदेशी एयरलाइन्सलाई उडान अनुमति दिएएको छ । यसैबीच कोरियन एयरको जहाजले २३५ यात्रुलिएर दक्षिण कोरियाको सिओल उडेको छ । कोरिया फर्किनेमा नेपाली कामदार रहेको बताएएको छ ।

## सामाजिक दूरी कायम गरी पेशा व्यवसाय सञ्चालन गर्नुपर्ने

**काठमाडौं/मस**-चन्द्रागिरि नगरपालिकाले सामाजिक तथा भौतिक दूरी कायम गरी पेशा व्यवसाय सञ्चालन गर्नुपर्ने बताएको छ । नगरपालिकाका प्रमुख घनश्याम गिरीको अध्यक्षतामा सोमबार बसेको सुरक्षा निकायसहित ६ वटै विषयगत समितिको बैठकले स्वास्थ्य मापदण्ड अपनाएर पेशा, व्यापार, व्यवसाय र कार्यालय सञ्चालन गर्ने निर्णय गरेको हो । नगरपालिकाका प्रवक्ता हरिभक्त महर्जनले असार १ देखि सामाजिक, भौतिक दूरी र स्वास्थ्य मापदण्ड पालना गरेर पेशा व्यवसायलगायत आवश्यक कार्यालय खोल्ने सरकारको निर्णयअनुसार सोही निर्णयलाई पालना गर्नुपर्ने बताए । चन्द्रागिरिले कोरोना सङ्क्रमणको जोखिम पालना नगरे जुनसुकै बेला सूचना जारी गरी उपयुक्त कदम चाल्न सक्ने जनाएको छ। चन्द्रागिरी नगरपालिका काठमाडौं उपत्यका भित्रिने मुख्य प्रवेशद्वारमा रहेको नगरपालिकासमेत भएकाले जोखिम बढ्न सक्ने भन्दै विशेष सावधानी अपनाउन सबैलाई आग्रह गरिएको छ । प्रवक्ता महर्जनले नगरपालिकाभित्र सञ्चालन हुने निर्माण, सेवा, पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक तथा भौतिक दूरी र स्वास्थ्य मापदण्ड पालना गर्नका लागि सचेतनाका कार्यक्रम समेत सञ्चालन गर्ने बताए ।

## आन्तरिक आय बढाउन करको दायरा वृद्धि गर्छौं : मन्त्री गुरुङ




**काठमाडौं, रासस**–गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले आन्तरिक आम्दानी वृद्धि गर्न करको दायरा बढाइने बताएका छन् । प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रमका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाटमा उनले व्यवसाय गर्नेहरुले राज्यका कुनै न कुनै निकायमा दर्ता हुनुपर्नेमा जोड दिए ।

सरकारले बजेटमा आन्तरिक राजश्व रु चार अर्ब ६० करोड ८५ लाख सङ्कलन गर्ने लक्ष्य लिएको बताउँदै उनले राजश्वको दायरा फराकिलो पार्ने र दहत्तर बहत्तरलाई थप व्यवस्थित गरेर आम्दानी वृद्धि गरिने उल्लेख गरे ।

"हरेक व्यवसाय गर्नेहरु राज्यका निकायहरुमा दर्ता हुनैपर्दछ, व्यक्तिको आम्दानीको हरेक स्रोतबारे राज्यलाई जानकारी हुनुपर्दछ, आम्दानी गरेपछि राज्यलाई कर तिर्नु हरेक नागरिकको दायित्व हुन्छ ।"मन्त्री गुरुङले भने । चालू आवमा रु तीन अर्ब २५ करोड आन्तरिक आय अनुमान गरिएकामा हालसम्म ६१ प्रतिशत राजश्व सङ्कलन भएको र जारी बन्दाबन्दीका कारणले लक्ष्य प्राप्ति हुन नसकेको मन्त्री गुरुङको भनाइ छ ।

आर्थिक मामिलामन्त्री गुरुङले विगतमा बजेट खर्च गर्ने जनशक्ति र संरचना तथा सरकारी अङ्ग नभएकाले बजेट खर्च नहुने अवस्थालाई अन्त्य गर्न चालू वर्षमा संरचना र जनशक्ति थपिएकाले आगामी वर्ष बजेट कार्यान्वयन हुने स्पष्ट पारे ।

कोभिड-१९ को महामारीले पारेको असरका आधारमा क्षेत्रगत पुर्नरुत्थानका लागि व्यवसाय जीवन रक्षा कोष स्थापना गरी रु एक अर्ब बजेट विनियोजन गरिएको बताउँदै उनले शिथिल भएको अर्थतन्त्रलाई पुनःस्थापनाको लागि प्रयोग गर्ने गरी सरोकारवालासँग छलफल गरी मापदण्ड बनाइने जानकारी दिए ।

कोरोना नियन्त्रणका लागि बजेट न्यून भएको भन्ने सञ्चारकर्मीको जिज्ञासामा मन्त्री गुरुङले रु दुई अर्ब भन्दा बढी रकम विनियोजन गरिएको र प्रत्येक स्थानीय तहलेसमेत बजेट छुट्याउने भएकाले हालको अवस्थामा अभाव नहुने स्पष्ट पारे । कोभिड-१९ को सङ्क्रमण रोक्न जारी बन्दाबन्दीको विकल्प खोजेर महामारीका समयमासमेत अर्थतन्त्र चलायमान बनाउनुपर्ने बताउँदै उनले अहिलेको अवस्थामा ५० प्रतिशत आर्थिक गतिविधि खोलेर अघि बढ्नुको विकल्प नभएकोमा जोड दिए ।

स्थायीत्वसँगै लक्ष्य प्राप्तिका लागि नयाँ कार्यक्रम थप गर्नुभन्दा पनि पुराना कार्यक्रमलाई निरन्तरता र सम्पन्न गर्नेतर्फ बजेटमा प्राथमिकता दिएएको मन्त्री गुरुङले उल्लेख गरे । सरकारले पहिलोपटक प्रदेशभित्रका सञ्चार माध्यमका लागि लोककल्याणकारी विज्ञापनका लागि बजेट विनियोजन गरेको बताउँदै उनले सूचना विभागको मापदण्डका आधारमा वितरण गरिने योजना रहेको जानकारी दिए ।

सरकारले असार १ गते सोमबार आर्थिक वर्ष २०७७/७८ का लागि ३४ अर्ब ८४ करोड २१ लाख ६० हजार रुपैयाँको बजेट प्रदेशसभा बैठकमा पेश गरेको थियो । प्रस्तुत बजेटमा चालू खर्चतर्फ १४ अर्ब ८४ करोड २६ लाख ८४ हजार तथा पूँजीगतर्फ रु १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजार विनियोजन गरिएको छ ।

## नेपाल टेलिकमको विलम्ब शुल्क असार ७ गतेसम्म मिनाहा



**काठमाडौं, मस**– कोरोना भाईरसले निम्त्याएको लकडाउनमा नेपाल टेलिकमले पनि अफ्ना ग्राहककहरुलाई विभिन्न सेवामा छुट दिने घोषणा गरेको छ । टेलिकमले मंगलबार एक सूचना जारी गर्दै आफ्ना सेवाहरुमा लाग्ने विलम्ब शुल्क असार ७ गतेसम्म मिनाहा गर्ने निर्णय गरेको हो । यस्तै टेलिकमले कम्पनीका सेवा प्रयोग गरेवापत तिर्नुपर्ने महशुल बुझाउने ग्राहकलाई यही असार ८ गतदेखि यस्ता महशुलमा नियमानुसार बिलम्ब शुल्क लागु हुने जानकारी दिएको छ ।

यसैगरी जीएसएम मोबाइल डाटा सेवा र सीडीएमए मोबाइल डाटा सेवाको आधारभूत दरमा उपलब्ध गराइएको क्रमशः ३० प्रतिशत र २७ प्रतिशत छुटलाई निरन्तरता नदिइने हुनाले असार १ गतेबाट यी सेवाको प्रयोगमा नियमित शुल्क लागु हुने समेत टेलिकमले जानकारी दिएको छ । नेपाल टेलिकमले आफ्ना ग्राहकवर्गलाई भ्वाइस तथा डाटा सेवामा उपलब्ध गराउँदै आएको स्टे कनेक्टेड अफर भने कायमै रहने छ ।

नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमबीच मिति २०७४ बैशाख २१ गते ब्रोडब्यान्ड इन्टरनेट प्रोजेक्टका लागि भएको सम्झौता अनुसार भूकम्प प्रभावित ४ जिल्लाहरु नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका ७६० स्थानहरुमा कम्पनीले २ वर्षका लागि ब्रोडब्यान्ड इन्टरनेट सेवा निःशुल्क जडान तथा मर्मत सुविधा प्रदान गरेको थियो । ती स्थानहरुलाई नेपाल सरकारले कोभिड-१९ सँग सम्बन्धित क्वारेन्टाइन स्थल बनाएकाले प्राधिकरणको अनुरोधमा उक्त स्थानहरुमा २०७६ चैत्र २३ गतेदेखि दुई महिना समयावधि राखी सेवा सुचारु गरिएकोमा जेठ ३० गतेदेखि लागू हुनेगरी पुनः २ महिना निस्शुल्क सेवा उपलब्ध गराउने निर्णय गरेको समेत टेलिकमले जानकारी दिएको छ ।

यसैगरी कम्पनीले एफटिटीएच सेवाको मर्मत सम्बन्धी गुनासो व्यवस्थापन असार १ गतेबाट शुरु गरेको छ । एउटै लाइनबाट फोन, डाटा र टिभी सेवा समेत उपलब्ध गराउन सकिने एफटिटीएच सेवाको मर्मत सम्बन्धी सिकायतका लागि १९८ मा डायल गरेपछि विभिन्न विकल्पमध्ये ४ नम्बर थिची बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म सिधै अप्रेटरलाई गुनासो टिपाउन सकिने छ ।

लकडाउनको अवधिमा कम्पनीका भ्वाइस र डाटा सेवाप्रति ग्राहकहरुको आकर्षण र सोही अनुसार उपयोगमा वृद्धि भएको तथा हाल एफटिटीएच सेवामार्फत उपलब्ध हुने डाटा सेवाको मागमा समेत वृद्धि भइरहेको अवस्थामा सो सेवाको गुनासो व्यवस्थापनबाट ग्राहकहरु थप लाभान्वित हुने विश्वास लिइएको छ ।

## दक्षिण कोरियाद्वारा ५० हजार थान पीसीआर प्रदान

**काठमाडौं/मस**-दक्षिण कोरियाली सरकारले नेपाल सरकारलाई ५० हजार थान आर टि-पीसीआर किट प्रदान गरेको छ । देशभर कोरोना सङ्क्रमण फैलिरहेकोले परीक्षणको दायरा बढाउन कोरियाली सहयोग नियोग (कोहका) ले मंगलबार रु ६ करोड २५ लाख बराबरको ती परीक्षण उपकरण मंगलबारसरकारलाई हस्तान्तरण गरेको छ ।

कोहकाका तर्फबाट यहाँस्थित कोरियली राजदूतावासको कार्यबाहक राजदूत सन चिल कोन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रमुख स्वास्थ्य विशेषज्ञ तथा स्वास्थ्य समन्वय महाशाखा प्रमुख डा राजन पोखरेललाई हस्तान्तरण गरे । कोरियाले मंगलबार२५ हजार थान परीक्षण उपकरण उपलब्ध गराएको तथा बाँकी स्वास्थ्य सामग्री आगामी शनिबारबाट प्रदान गरिने कोहकाले जनाएको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews | Janatapati | Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**